# भगवतीमाई गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

पगनाथ, दैलेख
कर्णाली प्रदेश नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

(प्रथम पटक प्रकाशित मिति :- २०७९/११/०५

यस भगवतीमाई गाउं कार्यपालिकाको निमित्त आर्थिक वर्ष २०७९/०८० आवश्यक देहायमा उल्लेखित मालसामान खरिद कार्य शिलबन्दी दरभाउपत्रका माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त ईच्छुक फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वक E -bid मार्फत शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउ पत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (२०७९/११/१९ गते) भित्र कार्यालय समयमा नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७८/०७९ सम्मको कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको प्रभु बैंकको भगवतीमाइ शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग १.१ १५१०१०९३२८८०००९१ मा जम्मा गरी विद्युतिय संचारको माध्ययमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको Double portal (www.ppmo.gov.np) मा गई दरभाउपत्र फाराम Download गरि E -biding द्वारा दरभाउपत्र दाखिला गर्नुपर्नेछ ।
२. खरिद भएका दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०७९/११/२१ गते) को १२:०० बजे भित्र E -biding मार्फत शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ । पेश भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश: लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।
३. दरभाउपत्रका साथ जमानत बापतको तपसिल बमोजिमको रकम प्रभु बैंक भगवतीमाई शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ग ३.१ १५१०१०९३२८८०००४१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानीपत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ । ई-बिड मार्फत दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र साथ खरिद गरेको बैंक भौचर र दरभाउपत्र जमानत स्कान गरी पेश गर्नुपर्नेछ ।
४. दरभाउपत्रदाताले E- Biddding बाट एक पटक पेश गरेको दरभाउपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-bidding प्रकृयाबाटै गर्नुपर्ने छ ।
५. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कारवाही हुने छैन ।
६. दरभाउपत्र दाताबाट दरभाउ पत्रको उल्लेखित मूल्य परिमाण सूची (BOQ) मा प्रत्येक आइटमको मूल्य अभिवृद्धि कर बाहेकको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउमा सहिछाप भएको हुनुपर्नेछ ।
७. यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यस उल्लेख नभएकोमा सार्वजनिक खरिद ऐन, २०६३ र भगवतीमाई गाउंपालिका सार्वजनिक खरिद नियमावली, २०७८ संशोधन सहित र अन्य प्रचलित ऐन कानून अनुसार हुनेछ ।
९. अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिने छ ।

तपसिल:

| ठेक्का नम्बर | मालसामा खरिद कार्यको बिबरण | लागतअनुमान (मु.अ. कर बाहेक) | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र जमानत | कैफियत |
|---|---|---|---|---|---|
| BRM/SAOE/SQ/08/2079/080 | कार्यालयको लागि आवश्यक मसलन्द तथा कार्यालय सामान | १,२२२,८९२.० | १०००.० | ३००००.०० | |

प्रमुख प्रशासकीय अधिकृत

